युवाका लागि स्वदेशमै अवसर

# व्यावसायिक परियोजना




नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद्
सानोठिमी, भक्तपुर

जानकारी पुस्तिका

**प्रमुख सल्लाहकार**

माधवप्रसाद ढुङ्गेल

कार्यकारी उपाध्यक्ष

**सल्लाहकार**

डा. बाबुराम ढुङ्गाना

प्रशासकीय प्रमुख

**संयोजन**

चन्द्रा थापा

उपसचिव

**लेखन/संकलन**

कमला ज्ञवाली

भूमिनन्द बराल

**सम्पादन**

केवलीराम अधिकारी

**सौजन्य**

भि. एस. ओ. नेपाल

**कभर लेआउट**

सिमाना हिताङ्ग

© राष्ट्रिय युवा परिषद्

# हाम्रो भनाइ

व्यावसायिक ज्ञान, वित्तीय साक्षरता र उद्यमशीलताको विकासबाट युवा शक्ति दक्ष जनशक्तिका रूपमा परिवर्तित भई आर्थिक समुन्नतिका लागि स्वदेशमा उपलब्ध अवसर हरूको सदुपयोग गरी युवाले राष्ट्र निर्माणका क्षेत्रमा उल्लेख्य योगदान पु¥याउन सक्छन् । राज्यले जनशक्ति प्रक्षेपण गर्न नसकेका कारण दैनिक १००० का दरले जनशक्ति बाहिरिने तथा त्यत्तिकै सत्त्यामा भित्रिने भइरहेको छ भने करिब ५० लाख युवाशक्ति विदेशी श्रम बजारमा आफ्नो उर्जावान समय खेर फालिरहेका छन् । वैदेशिक रोजगारीमा जाने युवाको अवस्थालाई हेर्ने हो भने दक्ष १.५ प्रतिशत, अर्धदक्ष २३ प्रतिशत, अदक्ष ७५.५ प्रतिशत देखिन्छन् ।

युवा लक्षित कार्यक्रमहरु एकद्वार प्रणालीबाट कार्यान्वयन नभई विभिन्न मन्त्रालयहरूबाट कार्यान्वयन भैरहेको पाइन्छ । यसले गर्दा एकातिर काममा दोहोरोपना भई साधन र स्रोतको उचित सदुपयोग नहुने र वास्तविक सरोकारवाला लाभान्वित हुनबाट बञ्चित हुनुपर्ने अवस्था विद्यमान रहेको छ । सोका कारण युवाहरूका लागि राज्यले ल्याएका अवसरहरु युवाले थाहा नपाइरहेको अवस्था र सहुलियतपूर्ण कर्जा प्रवाहमा समेत बैङ्क तथा युवा दुवैलाई समस्या परिरहेको अवस्था विद्यमान रहेको छ । जुन युवा जनशक्ति स्वरोजगारका खोजीमा छन् तथा कोभिड १९ पछि वैदेशिक रोजगारीबाट फर्किएर आफ्नै देशमा केही गरौँ भन्ने सोच भएका तर स्रोत नभएका ती युवाले राज्यका कुन कुन निकायबाट के कस्ता अवसरहरु लिन सकिन्छ भन्ने थाहा नपाइराखेको अवस्था छ । राज्यले उपलब्ध गराउने त्यस्ता अवसरहरु कहाँ कहाँबाट पाइन्छ र लिन के के गर्नुपर्छ जस्ता विषयमा युवालाई सुसूचित गराउन सकेमा युवाले राज्यबाट समयमा नै लाभ प्राप्त गर्न सक्ने र राज्यले पनि युवालाई अवसर दिन सफल भई युवाका माध्यमबाट समृद्ध नेपाल निर्माणको अभियान सफल बनाउन सम्भव छ । त्यसैले युवालाई उद्यमका क्षेत्रमा उपलब्ध गराउने सहुलियतपूर्ण कर्जाका सम्बन्धमा जानकारी गराउने उद्देश्यले यो सहजीकरण पुस्तिका तयार गरिएको छ । विशेषतः यस पुस्तिकाले युवा र अवसरलाई जोड्ने प्रयास स्वरूप युवाहरूलाई

सहुलियतपूर्ण कर्जा प्राप्तिमा सहयोग पुऱ्याउनका लागि व्यावसायिक योजना निर्माण तथा सहुलियतपूर्ण कर्जा प्रवाह गर्न आवश्यक पर्ने विषयवस्तुहरू समेटेर युवाहरूलाई उद्यमशीलता, रोजगारी र सिप विकास तर्फ मार्गदर्शन प्रदान गर्ने  प्रयास गरिएको छ । आशा छ यस पुस्तिकाले सम्बन्धित सरोकारवालाहरूलाई महत्त्वपूर्ण सूचना दिन सक्नेछ । यो पुस्तिका तयार पार्न सहयोग गर्ने सबैमा हार्दिक धन्यवाद सहित यसमा देखिएका कमिकमजोरी र त्रुटिहरू औँल्याई सहयोग गरिदिनुहुन समेत अनुरोध छ ।

**राष्ट्रिय युवा परिषद्**
**सानोठिमी, भक्तपुर**

# विषय-सूची


| | |
|---|---|
| **पृष्ठभूमि** | **१** |
| **खण्ड १ युवाका लागि राज्यका अवसरहरू** | **३** |
| १.१. आ.व. २०७७/७८ को नीति तथा कार्यक्रममा युवालक्षित कार्यक्रमहरु | ४ |
| १.२. आ.व. २०७७/७८ को बजेट वक्तव्यमा युवालक्षित कार्यक्रम र बजेट | ५ |
| १.३. सहुलियतपूर्ण कर्जाको प्रावधान, राष्ट्रिय युवा परिषद्को प्रयास तथा उपलब्धिहरु | १२ |
| **खण्ड २ व्यावसायिक योजना निर्माण तथा कार्यान्वयन** | **१७** |
| २.१. सहुलियतपूर्ण कर्जाकालागि आवश्यक पर्ने व्यावसायिक योजनाको अवधारणा तथा ढाँचा | १८ |
| २.२. सहुलियतपूर्ण कर्जाकालागि आवश्यक पर्ने व्यावसायिक योजनाको नमुना | २३ |
| २.३. सहुलियतपूर्ण कर्जा प्रवाहकालागि बैङ्कलाईचाहिने विवरण तथा कागजातहरु | २९ |
| २.४. निष्कर्ष | ३१ |

# पृष्ठभूमि

वर्तमानका साझेदार, परिवर्तनका सम्वाहक, रूपान्तरणका धरोहर, भविष्यका कर्णधार, युवाहरूको राजधानी तथा समग्र युवाहरूको आशा र भरोसाको केन्द्रविन्दु राष्ट्रिय युवा परिषद् हो । समृद्ध नेपाल निर्माणका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा भन्ने मूल नाराका साथ २०७२ साल फागुन १९ गते युवाका लागि सरकारद्वारा स्थापित क्रियाशील, स्वशासित र सङ्गठित संस्था हो राष्ट्रिय युवा परिषद् । युवाको हक हितको संरक्षण र सम्बर्द्धनका लागि गुणस्तरीय र व्यावसायिक शिक्षा, रोजगारी, उद्यमशीलता र सिप विकास, स्वास्थ्य र सामाजिक सुरक्षा, युवा परिचालन, सहभागिता र नेतृत्व विकास तथा खेलकुद र मनोरञ्जनसहित पाँच आधारस्तम्भहरूमा केन्द्रित रही राष्ट्रिय युवा परिषद् ऐन द्धण्ठद्द तथा नियमावली द्धण्ठघ बमोजिम विभिन्न सरकारी, गैरसरकारी, सहकारी तथा निजी सङ्घ संस्थाहरूसँगको सहकार्यमा राष्ट्रिय युवा परिषद्ले आफ्ना गतिविधिहरु अघि बढाई रहेको छ ।

जनसाङ्ख्यिक लाभको सदुपयोग गरी समृद्ध नेपाल र सुखी नेपाली अभियानलाई सार्थक बनाउनका लागि युवाहरूमा सकारात्मक सोचका साथ स्वस्फूर्त युवाको परिचालन अपरिहार्य छ । आगामी दिनमा राषट्रिय युवा परिषद्लाई युवा र अवसरको बाटो देखाउने केन्द्र, युवा स्वयम्सेवा परिचालन केन्द्र, युवा मार्गदर्शन र परामर्श केन्द्र, युवा नवप्रवर्तन तथा सम्प्रापति केन्द्र, युवा सूचना केन्द्र, युवा नेतृत्व क्षमता विकास तथा सहजीकरण केन्द्र, उद्यमशीलता विकास तथा सहजीकण केन्द्र, असल अभ्यास तथा सिकाइ केन्द्र र युवा सहायता केन्द्रको रूपमा विकास गर्ने योजना रहेको छ । परिषद्ले सुरूवात गरेको युवा उद्यम कार्यक्रम, राष्ट्रपति युवा महिला उद्यम कार्यक्रम र शैक्षिक प्रमाणपत्रका आधारमा विनाधितो विनाब्याज सहुलियतपूर्ण ऋण कार्यक्रमको सफल कार्यान्वयनको निरन्तरता स्वरूप नेपाल सरकारले "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि २०७५ ल्याएको छ ।जसमा ९ प्रकारका कर्जाका लागि रू ९६ अर्ब १३ करोड बैङ्क तथा वित्तीय संस्था मार्फत प्रवाह हुने व्यवस्था गरिऐको छ । परिषद्ले आ.व. २०७५।७६ देखि सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम सञ्चालन समेत गर्दै आइरहेको छ र तालिम प्राप्त युवाहरूलाई

सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि बैङ्क तथा वित्तीय संस्थाहरूसँग सम्झौता तथा सहकार्य गर्दै आएको छ । तालिमका लागि आवश्यकता पहिचान गर्ने र उद्यममा जोड्नका लागि आवश्यकता अनुसार सहुलियतपूर्ण कर्जा तथा सुरूवाती पुँजीको प्रबन्ध गर्न समेत परिषद् मार्फत विविध पहल तथा प्रयत्न भइरहेको छ ।त्यसैगरी नेपाल सरकारबाट स्वीकृत कार्यक्रमको अलावा अन्य युवा सम्बद्ध सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरु (UN Agencies, INGOs, NGOs, CBOs, Civil Societies etc.) सँगको समन्वय, सहकार्य र साझेदारीमा विभिन्न कार्यक्रमहरु सञ्चालन पनि गरिरहेको छ । यसरी परिषद्को सहकार्यको संस्कृति (Culture of collaboration) ले गर्दा हाम्रा उपलब्धिहरु अपेक्षाकृत रूपमा थप सन्तोषजनक देखिएका छन् ।

# खण्ड १

## युवाका लागि राज्यका अवसरहरू

# युवाका लागि राज्यका अवसरहरु

युवा जनशक्तिको समुचित परिचालन गरी देशको सर्वाङ्गीण विकास गर्ने लक्ष्यका साथ सरकारले प्रत्येक वर्ष युवा लक्षित नीति कार्यक्रम तथा बजेट ल्याउने गरेको छ । आ.व. २०७७।०७८ मा नेपाल सरकारले सङ्घीय तहमा ६४ अर्ब ४९ करोड प्रदेश तहमा १२ अर्ब १९ करोड ५४ लाख युवालक्षित वार्षिक प्रत्यक्ष बजेट विनियोजन गरेको देखिन्छ भने स्थानीय तहमा पनि सोही अनुपातमा युवालक्षित बजेट विनियोजन भएको देखिन्छ । युवा लक्षित बजेटलाई अध्ययन गर्दा सरकारले युवालाई प्राथमिकता राखेको देखिन्छ तापनि कार्यान्वयमा नीतिगत, कानुनी, संस्थागत, संरचनागत, कार्यक्रमगत समन्वय तथा सहकार्यको अभावले राज्यले लिएको उद्देश्य पुरा नभएको र युवाहरूले पनि  राज्यका अवसरहरूमा सहज पहुँच पुऱ्याउन सकेको देखिदैन । त्यसैले आगामी दिनमा युवाका कार्यक्रमहरु एकद्वार प्रणाली मार्फत लैजाने पद्धति विकास गरि नुपर्छ । आ.व. द्दण्ठठरठड को नीति कार्यक्रम तथा बजेटमा समावेश गरिएका युवालक्षित कार्यक्रमहरु देहाएबमोजिम रहेका छन् ।

## १.१. आ.व. २०७७/७८ को नीति तथा कार्यक्रममा युवालक्षित कार्यक्रमहरू

- नवप्रवर्तनकारी युवा तथा अन्य उद्यमी र वैदेशिक रोजगारीबाट फर्केका अनुभवी तथा सिपयुक्त उद्यमशील युवाहरूलाई उद्यम व्यवसाय सुरू गर्न सुरूवाती पुँजी उपलब्ध गराइनेछ । उद्यम व्यवसाय गर्न क्षमता विकास, प्रविधि हस्तान्तरण, वित्तीय पहुँच र बजारीकरणका कार्यक्रमसँग आवद्ध गराइनेछ । यसका लागि हाल सञ्चालित कार्यक्रमहरूलाई पुनर्संरचना गरी सबै प्रदेशमा विस्तार गरिनेछ ।
- शिक्षित बेरोजगार युवाहरूलाई शैक्षिक प्रमाणपत्रको आधारमा प्रोजेक्टमा आधारित सुरूवाती पुँजी उपलब्ध गराई भरसक निजको शिक्षासँग सम्बन्धित व्यवसाय सञ्चालन गर्न प्रोजेक्ट निर्माणमा समेत सहयोग गरी उत्प्रेरित गरिनेछ ।
- युवाको क्षमता अभिवृद्धिका लागि सबै प्रदेशमा युवा नवप्रवर्तन केन्द्र स्थापना गरिनेछ ।
- स्वास्थ्य सचेतना, सरसफाइ, विपद् व्यवस्थापन तथा वातावरण संरक्षण र

सामाजिक कुरीति, अन्धविश्वास विरूद्धको समाजिक जागरण कार्यमा स्काउट र युवा संवयम्सेवक परिचालन गरिनेछ ।

- नेपालमा सम्पन्न १३ औं दक्षिण एशियाली खेलकुद प्रतियोगितामा नेपालले हालसम्मकै सबैभन्दा बढी ५१ स्वर्ण सहित २०७ पदक जितेको छ । राष्ट्रिय, क्षेत्रीय र अन्तर ाष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नसक्ने गरी खेलाडीको क्षमता विकास गरिनेछ ।
- स्थानीय प्रादेशिक तथा राष्ट्रिय स्तरमा सुविधासम्पन्न खेलकुद, पूर्वाधारको निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ । उच्च पर्वतीय खेलकुद तालिम केन्द्र स्थापना गर्ने कार्य अघि बढाइनेछ । निजी क्षेत्रबाट पहल गरिएका खेलकुद पूर्वाधार निर्माणलाई प्रोत्साहन गरिनेछ ।

## १.२. आ.व. २०७७/७८ को बजेट वक्तव्यमा युवालक्षित कार्यक्रम र बजेट

### १. श्रम र रोजगारी

- प्रधानमन्त्री रोजगार कार्यक्रमको दायरा विस्तार गरी सङ्घ, प्रदेश र स्थानीय तहमा सञ्चालित सार्वजनिक विकास निर्माण कार्य श्रममूलक प्रविधिबाट कार्यान्वयन गरिनेछ। यो कार्यक्रमबाट थप २ लाख रोजगारी उपलब्ध गराउन रू.११ अर्ब ६० करोड विनियोजन भएको
- आफ्नो गाउँ आफैँ बनाउँको भावना अनुसार स्थानीय तहबाट सञ्चालन हुने विकास निर्माणका श्रममूलक, सामाजिक तथा भौतिक विकास आयोजनामा विपन्न परिवार लक्षित कामको लागि खाद्यान्न कार्यक्रममा आवश्यक रकम विनियोजन भएको
- बेरोजगार रहेका, कोरोनाका कारण रोजगारी गुमेका र वैदेशिक रोजगारीबाट फर्केकालाई पारिश्रमिक सहितको जनसहभागितामूलक र प्रविधिसहितको श्रममूलक विकास निर्माणमा परिचालन गर्न आवश्यक रकम विनियोजन भएको
- कोरोनाका कारण विदेशी कामदारहरु स्वदेश फर्किएपछि सिर्जना भएको रोजगारीको अवसर नेपालीले पाउने गरी सिप विकास तालिम र प्रविधिको पहुँच पुऱ्याउने (हस्तकला, प्लम्बिङ, बिजुली मर्मत, इलेक्ट्रोनिक्स, कुक, कालीगढ, सिकर्मी, डकर्मी, सिलाइ कटाइ, व्युटिसियन, कपाल कटाइ) सङ्घ र प्रदेश स्तरमा सञ्चालन गरिने । यसबाट कम्तिमा ५० हजारले रोजगारी पाउने । यसका लागि रू. १ अर्ब रकम विनियोजन भएको
- रोजगार सेवा केन्द्रबाट सिफारिस भएका श्रमिकलाई निजी क्षेत्रका उत्पादनशील उद्योगले आफूलाई आवश्यक पर्ने

जनशक्ति लिई उनीहरूलाई न्युनतम् दुई वर्षसम्म रोजगारी सुनिश्चित गरेमा बढीमा तीन महिनासम्मको तालिम अवधिको न्यूनतम पारिश्रमिकको ५० प्रतिशत रकम अनुदानको रूपमा प्रतिष्ठानलाई उपलब्ध गराउन रू. १ अर्ब विनियोजन भएको । यसबाट न्युनतम ५० हजार व्यक्ति सिपयुक्त र रोजगार हुने अपेक्षा रहेको ।

- प्राविधिक र व्यावसायिक शिक्षा एवम् तालिम प्रदायक संस्थाको सुदृढीकरण गरी आगामी वर्ष ७५ हजार व्यक्तिलाई सिपमूलक तालिम प्रदान गर्न रू. ४ अर्ब ३४ करोड विनियोजन भएको । यसबाट बजारमा प्रवेश गर्ने नयाँ श्रमिक कोरोनाको कारण रोजगारी गुमाएका असँगठित क्षेत्रका श्रमिकहरूको लागि सहयोग हुने ।
- बैङ्क तथा वित्तीय संस्थाबाट प्रदान हुने सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तर्गत वाणिज्य बैङ्कहरूले प्रतिशाखा कम्तिमा १० तथा विकास बैङ्कले प्रति शाखा कम्तिमा ५ जनाका दरले कर्जा उपलब्ध गराई थप रोजगारी सिर्जना गर्न नेपाल राष्ट्र बैङ्कमार्फत आवश्यक व्यवस्था मिलाईने ।
- साना किसान विकास लघु वित्त संस्था मार्फत साना किसान कर्जा कार्यक्रमबाट थप ४० हजार युवा स्वरोजगार कोषको कार्यक्रमको माध्यमबाट थप  १२ हजार गरिबका लागि लघु उद्यम लगायतका उद्योग क्षेत्रबाट १ लाख २७ हजार वन पैदावारमा आधारित कृषि वन, नर्सरी, जडीबुटी आदिबाट थप ३० हजार रोजगारी सिर्जना हुनेछ ।
- गरिबी निवारण कोषद्वारा प्रवर्द्धित ६४ जिल्लाका ३२ हजार भन्दा बढी सामुदायिक संस्थाले परिचालन गरेको रू. १९ अर्ब घुम्ति कोषलाई बीउ पुँजीको रूपमा प्रयोग गरी स्थानीय स्तरमा आर्थिक गतिविधि सञ्चालन गर्न यी संस्थालाई सहकारी प्रणालीमा रूपान्तरण गरिनेछ । यसबाट कृषि, लघु तथा साना उद्योग क्षेत्रमा थप १ लाख ५० हजार रोजगारी सिर्जना गरिनेछ ।
- नेपाली नागरिकलाई थप रोजगारीका अवसर सिर्जना गर्न विदेशी नागरिकलाई श्रम स्वीकृति नलिई विदेशी नागरिकलाई काममा लगाउन नपाउने व्यवस्था कडाइका साथ कार्यान्वयन गरिनेछ । श्रमसम्बन्धी व्यवस्था परिपालना गर्ने प्रतिष्ठानलाई थप वित्तीय र मौद्रिक सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । प्रतिष्ठान स्तरमा श्रमिकको सुरक्षा र व्यवसायजन्य सुरक्षालाई सुनिश्चित गर्न श्रम निरीक्षणको व्यवस्था गरिनेछ ।
- वैदेशिक रोजगार प्रवर्द्धन कोषलाई वैदेशिक रोजगारीमा गएका श्रमिकको कल्याणका अतिरिक्त रोजगारी पुनस्थापना गर्ने कार्यक्रममा समेत उपयोग गरिनेछ । वैदेशिक रोजगारबाट फर्कका व्यक्तिहरूको सिप, अनुभव र रूचिको अभिलेख बनाई

देशभित्र सिर्जना हुने कामका अवसरमा जोडिनेछ ।

## २. कृषि, वन, पर्यटन, उद्योग र वाणिज्य

- कृषिमा श्रम परिचालन, कृषि कार्यको व्यवसायीकरण, यान्त्रीकरण र आधुनिकीकरण गरी काम र रोजगार सिर्जना गरिनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनालाई पुनर्संरचना गर्दै स्थानीय संभावनाका आधारमा "एक स्थानीय तह एक उत्पादन पकेट क्षेत्र" कार्यक्रम सञ्चालन गरिनेछ। आगामी वर्ष कृषि र पशुपालनका थप २५० पकेट क्षेत्र विकास गरी प्रत्येक स्थानीय तहमा एक कृषि पकेट क्षेत्र रहने गरी सुनिश्चित गरिनेछ । यसका लागि रू. ३ अर्ब २२ करोड विनियोजन भएको ।
- रासायनिक मलको आपूर्ति सुनिश्चित गर्न अनुदान रकम रू. ११ अर्ब विनियोजन भएको । यसबाट प्राङ्गारिक मलको प्रयोग बढाउँदै अर्गानिक खेतीलाई प्रोत्साहन गरिनेछ ।
- कृषि उपजको बजारीकरण, फलफूल तथा हाटबजार सबै प्रदेशमा ७८ कृषि थोक बजार निर्माणका लागि स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्न र प्रदेशस्तरको कृषि उपजको "हव मार्केट" स्थापना गर्न आवश्यक बजेट व्यवस्था ।
- स्थानीय तह, सहकारी सङ्घ संस्था एवम् भूमि बैङ्कमार्फत हुने खेती र सामूहिक खेती गर्ने समूहलाई मात्र शीत भण्डार निर्माण अनुदान दिइनेछ ।
- खाद्य सुरक्षा तथा आपूर्ति व्यवस्थापनलाई सुदृढ तुल्याउन र कृषि उपजको मूल्य सुनिश्चितता दिन २०० खाद्य भण्डारण केन्द्र स्थापना गर्न स्थानीय तहलाई रू. १ अर्ब वित्तीय हस्तान्तरणको व्यवस्था ।
- प्रत्येक स्थानीय तहमा कम्तिमा १ कृषि १ पशुसेवा प्राविधिकको व्यवस्था मिलाउन रू. ५० करोडको व्यवस्था । कृषि क्याम्पसमा स्नातक अध्ययनरत विद्यार्थीलाई इन्टर्नसिप गराउने तथा विभिन्न प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थीलाई पढाइसँगै आयआर्जन गर्ने प्रबन्ध ।
- कृषि तर्फ ५० लाख र वन तर्फका कार्यक्रमबाट ५५ लाख फलफूलका विरूवा उत्पादन गरी वितरण गरिनेछ । प्रत्येक स्थानीय तहमा फलफूलको नर्सरी स्थापना र कम्तिमा १० हजार फलफूलको विरूवा उत्पादन गर्न प्राविधिक सहयोग उपलब्ध गराइने ।
- उखु उत्पादक किसानलाई उत्पादन परिमाणका आधारमा प्रदान गरिने अनुदानलाई निरन्तरता दिन रू. ९५ करोड विनियोजन ।
- कृषि ऋणमा सहज पहुँच पुऱ्याउन किसान क्रेडिट कार्डको सुरूवात गरिनेछ । खेतियोग्य जमिन भएका स्थानीय तहका

सबै वडामा किसानलाई सूचिकृत गरी कृषि तथा पशु सेवाको आधारभूत प्राविधिक सेवा तथा टेवा दिन कृषि स्वयम्सेवक परिचालन गरिनेछ ।

- एक प्रदेश एक पर्यटकीय गन्तव्य अवधारणा अनुरूप सबै प्रदेशमा ठूला पर्यटकीय पूर्वाधार विकास गरिनेछ । यसका लागि रू. १ अर्ब २६ करोड विनियोजन भएको ।

## ३. वित्तीय क्षेत्र तथा निजी लगानी

सहुलियतपूर्ण कर्जाको पुनर्संरचना गर्दै यसको दायरा फराकिलो बनाइनेछ । यस्तो कर्जा ५ प्रतिशत ब्याजदरमा उपलब्ध गराइनेछ । यस्तो कर्जाको सुरक्षण र बिमाका लागि ५० प्रतिशतसम्म अनुदान दिइनेछ । यस अनुदानका लागि रू. १३ अर्ब ९६ करोड विनियोजन भएको ।

## ४. शिक्षा

- मानव पुँजी निर्माण सामाजिक रूपान्तरण र आर्थिक विकास सहितको आधुनिक समाज निर्माणका लागि राज्यले शिक्षालाई उच्च प्राथमिकता दिएको ।
- विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई शिक्षाको पहुँच पुऱ्याइने र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गरिनेछ ।
- आगामी वर्ष साक्षर हुन बाँकी २४ जिल्लामा साक्षरता कार्यक्रमको अभियान सञ्चालन गरी साक्षर नेपाल घोषणा गरिनेछ ।
- प्रत्येक स्थानीय तहमा न्यूनतम एक प्राविधिक शिक्षालय सञ्चालन गर्ने क्रममा बाँकी रहेका १४६ स्थानीय तहमा यो कार्यक्रम विस्तार गरिनेछ ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको विस्तार गरी कक्षाकोठा निर्माण, प्राविधिक शिक्षकको व्यवस्था, शिक्षक तालिम, स्वयम्सेवक शिक्षक परिचालन, विज्ञान प्रयोगशाला, सूचना प्रविधि ल्याब, खेल मैदान र खेल सामग्री लगायतका शैक्षिक पूर्वाधार र गुणस्तर अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिने ।
- सार्वजनिक विद्यालय सवलीकरण दशकका कार्यक्रमलाई यसै कार्यक्रमको अङ्गको रूपमा सञ्चालन गरिनेछ ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा रू. ६ अर्ब विनियोजन भएको ।
- कोभिड १९ का कारण सिर्जना भएको अवरोधलाई दृष्टिगत गरी भर्चुअल कक्षा सञ्चालन, अनलाईन शिक्षा तथा टेलिभिजन एवम् रेडियो मार्फत नयाँ शैक्षिक वर्षको पठनपाठन अघि बढाइने ।
- आगामी वर्ष १८०० विद्यालय भवन ३८ आङ्गिक क्याम्पस भवन पुनर्निर्माण २५२० कक्षाकोठा, एक एक हजारको संख्यामा विज्ञान प्रयोगशाला, पुस्तकालय र कम्प्युटर ल्याब स्थापना गरिने ।

- विपन्न अपाङ्गता, शहीदका छोराछोरी, जेहेन्दार आदि २६ लाख बालबालिकाका लागि छात्रवृत्ति प्रदान गर्न रू. २ अर्ब ७० करोड विनियोजन भएको ।
- कक्षा ५ सम्मका बालबालिकालाई कक्षामा टिकाइ राख्नका लागि ७७ वटै जिल्लाका २८ लाख बालबालिकाका लागि दिवा खाजा कार्यक्रमका लागि रू. ७ अर्ब ५२ करोड विनियोजन भएको ।
- देशभरीका सामुदायिक विद्यालयमा अध्ययनरत १३ लाख छात्राहरूलाई सेनिटरी प्याड निःशुल्क उपलब्ध गराउन स्थानीय तह मार्फत ससर्त अनुदानको रूपमा रू. १ अर्ब ८२ करोड वित्तीय हस्तान्तरण गरिने ।
- बालविकास केन्द्रको सुदृढीकरणका लागि स्थानीय तहको लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्न ससर्त अनुदानको व्यवस्था मिलाईएको ।
- कैलालीको गेटा मेडिकल कलेज, वर्दिवास, बुटवल र सुर्खेतको मेडिकल कलेजको पूर्वाधार विकासका लागि रू. १ अर्ब १७ करोड विनियोजन भएको ।
- शिक्षक विद्यार्थी अनुपात धेरै भएका विद्यालय तथा गणित, अंग्रेजी र विज्ञान शिक्षक अपुग भएका विद्यालयमा थप ६ हजार स्वयम्सेवक शिक्षक परिचालन गर्न रू. २ अर्ब २३ करोड विनियोजन भएको ।
- निःशुल्क पाठ्यपुस्तक छपाइ र वितरण, आधारभूत तहसम्म रङ्गीन पाठ्यपुस्तक निर्माण र ४६ लाख छात्रछात्रालाई निशुल्क पाठ्यपुस्तकका लागि २ अर्ब ७६ करोड विनियोजन भएको ।
- उच्च शिक्षालाई गुणस्तरीय बनाउन विश्वविद्यालय अनुदान आयोग मार्फत अनुदान उपलब्ध गराउन रू. १७ अर्ब ४३ करोड विनियोजन भएको ।
- आयुर्वेद विषयमा उच्च शिक्षाका लागि योगमाया आयुर्वेद विश्वविद्यालय, मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालयको कानुनी संरचना निर्माण गरी सञ्चालन गर्न र प्रत्येक प्रदेशमा प्राविधिक सिप परीक्षण केन्द्र तथा बहुप्राविधिक शिक्षालय स्थापनाका लागि आवश्यक बजेट विनियोजन भएको ।

## ५. विज्ञान तथा प्रविधि

- आधुनिक राष्ट्र र ज्ञानमा आधारित प्रतिस्पर्धी र उन्नत अर्थतन्त्र निर्माणका लागि विज्ञान तथा प्रविधिको विकास गरिने । यस क्षेत्रमा विश्व स्तरको अध्ययन अनुसन्धान हुने विशिष्टिकृत विश्वविद्यालयको रूपमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार निर्माण गरी शैक्षिक कार्यक्रम सुरू गर्न रू.१ अर्ब २५ करोड विनियोजन भएको ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन गर्न कुल रू.१ खर्ब ७१ अर्ब ७१ करोड विनियोजन भएको ।

## ६. युवा तथा खेलकुद

- युवा जनसत्त्या अधिक रहेको अवसरलाई जनसाङ्ख्यिक लाभको रूपमा उपयोग गरी न्युनतम उत्पादक शक्तिको रूपमा परिचालन गरिनेछ । युवाहरूको मनोबल उच्च राख्दै दक्षता विकास गरी सामाजिक परिचालन, विपद् जोखिम न्यूनीकरण तथा राहत वितरण लगायत सामाजिक आर्थिक रूपान्तरणको प्रक्रियामा नेतृत्वदायी भूमिका सुनिश्चित गरिने छ।
- लागि सबै प्रदेशमा युवा नवप्रवर्तन युवा उद्यमशीलता विकासका केन्द्र स्थापना गरिने छ।
- युवालाई व्यावसायिक तथा उद्यमशीलता तालिम, नवप्रवर्तन पुँजी र प्रविधिमा पहुँच तथा सहज व्यावसायिक वातावरण उपलब्ध गराई उद्यमी बनाइनेछ । विश्वविद्यालय तथा विभिन्न सिप विकास सम्बद्ध संस्थाहरूको सहकार्यमा युवालाई प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम उपलब्ध गराई उद्यमशीलताको विकास गरिने छ ।
- कोभिड(१९ को रोकथाम विपद् व्यवस्थापन र मानवीय सेवामा सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा राष्ट्रिय युवा परिषद् नेपाल स्काउट राष्ट्रिय सेवा दल तथा शैक्षिक संस्था लगायतका माध्यमबाट युवा परिचालन गरिने छ ।
- युवामा अनुशासन संस्कृतिको विकास, शारीरिक तन्दुरुस्ती तथा मानसिक विकास एवम् खेलकुद मार्फत मुलुकको पहिचान र प्रतिष्ठाका लागि खेलकुद क्षेत्रको समग्र विकास अघि बढाउन सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण प्रतियोगिताको आयोजना र प्रशिक्षणका कार्यक्रम सञ्चालन गरिने छ ।
- निर्माणाधीन अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा अन्य क्रिकेट रंगशाला अन्तर्राष्ट्रिय स्तरको खेलकुद परिसर निर्माण एवम् अन्य प्रादेशिक रंगशाला निर्माण सुरू गर्न आवश्यक रकम विनियोजन गरेको छु । सबै स्थानीय तहमा खेलग्रामको विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण एवम् व्यवस्थापनका लागि रकम बिनियोजन गरेको छु । खेलकुद पूर्वाधारको कमि भएको कर्णाली प्रदेशमा राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता सञ्चालन हुन सक्ने गरी खेल पूर्वाधार विकास गर्न उच्च पर्वतीय खेलकुद तालिम केन्द्र स्थापना गर्न र थप कभर्डहल निर्माण गर्न बजेट व्यवस्था गरेको छु ।
- युवा तथा खेलकुद क्षेत्रमा रू. २ अर्ब ३६ करोड विनियोजन गरेको छु ।

## ७. सामाजिक सुरक्षा र नागरिक संरक्षण

- सामाजिक सुरक्षालाई क्रमशः जीवन चक्रमा आधारित अनिवार्य र सर्वव्यापी बनाइने छ । आर्थिक रूपले विपन्न, अशक्त, असहाय,

अपाङ्गता भएका एकल महिला बालबालिका लोपोन्मुख र सीमान्तकृत समुदायलाई राज्यबाट विशेष सुविधा र संरक्षण प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

- हालसम्म दिइदै आएको सबै प्रकारका सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिइएको । यसका लागि रू. टठ अर्ब ५० करोड विनियोजन गरिएको छ ।
- ७० वर्ष माथिका जेष्ठ नागरिकलाई रू. १ लाखको निःशुल्क स्वास्थ्य बिमामा हालसम्म ३ लाख जेष्ठ नागरिक लाभान्वित भएकोमा थप ३ लाखमा पुर्‍याउने लक्ष्य छ । चालु आ.व.मा तीन लाख विपन्न परिवारले स्वास्थ्य बिमा सेवा प्राप्त गरेकोमा आगामी आ.व.मा थप चार लाख परिवारले यो सुविधा पाउने गरी आवश्यक प्रबन्ध गरिएको ।
- दलित कर्णाली क्षेत्र र तराइ(मधेश लगायतका गरिबीको रेखामुनि परेका परिवारका बालबालिका समेतलाई समेट्ने गरी बाल संरक्षण अनुदानको दायरा फराकिलो बनाइएको । यसका लागि रू. ३ अर्ब ६६ करोड विनियोजन गरिएको छ । यसबाट १३ लाख बालबालिका लाभान्वित हुने विश्वास गरिएको।
- विशेष संरक्षण आवश्यक भएका अनाथ तथा अति जोखिममा परेका र एच आइ भी संक्रमित बालबालिकाका लागि भरपर्दो सामाजिक सुरक्षा प्रदान गर्न सामाजिक संस्थाहरु समेत परिचालन गरिने ।
- असहाय बेवारिसे संक्रमित र आश्रय विहीन लगायत सबै सहयोगापेक्षीको आश्रय संरक्षण र हेरचाह गर्दै देशलाई सडकमानव मुक्त राख्ने प्रबन्ध मिलाईएको छ ।
- भौतिक पूर्वाधार अपाङ्गमैत्री बनाइने अपाङ्गता भएका व्यक्तिको मनोबल बढाउन शिक्षा स्वास्थ्य रोजगारी र सामाजिक गतिविधिमा सम्मानजनक पहुँच स्थापित गरिने छ ।
- दृष्टिविहीनले प्रयोग गर्ने सेतो छडी र ब्रेललिपिका पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराइने छ र साङ्केतिक भाषाको विकास तथा अनुसन्धानलाई प्रोत्साहित गरिने छ ।
- सबै श्रमिक तथा कामदारलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन सबै प्रतिष्ठानहरूलाई सामाजिक सुरक्षा कोषमा सूचिकृत हुन प्रोत्साहित गरिनेछ । योगदानमा आधारित निवृत्तिभरणको मौजुदा व्यवस्थामा नसमेटिएका राष्ट्रसेवकलाई यसको दायरमा ल्याउन अवकास कोष सञ्चालन सम्बन्धी मौजुदा कानुनमा संशोधन गरिने छ ।
- भूमिहिन दलित पहिचान गरी बसोवासको लागि आवश्यक जमिन उपलब्ध गराइने छ । दलित समुदायलाई जनता आवास कार्यक्रम, नवीन प्रविधिमा आधारित शिल्प उत्थान, परम्परागत सिपको आधुनिकीकरण, शिक्षा, स्वास्थ्य एवम् सरसफाइमा सहज पहुँच, जातीय भेदभाव र छुवाछूत विरूद्ध चेतनामूलक कार्यक्रम

सञ्चालन गर्न आवश्यक बजेट बिनियोजन गरिएको ।

माथि उल्लेखित प्रत्यक्ष र परोक्ष रूपमा युवालक्षित कार्यक्रमका लागि रू. ६० अर्ब भन्दा बढी बजेट विनियोजन भएको छ । यसको प्रभावकारी कार्यान्वयन गर्न युवाको व्यापक तथा सार्थक सहभागिता र अपनत्व हुने गरी अन्तर मन्त्रालय समन्वयका साथ अघि बढ्नुपर्ने देखिन्छ ।

## १.३. सहुलियतपूर्ण कर्जाको प्रावधान र राष्ट्रिय युवा परिषद्को प्रयास र उपलब्धि

युवालाई नेपाल भित्रै व्यवसाय गर्न प्रोत्साहित गर्न स्वदेशमा रोजगारीका अवसरको लागि नेपाल सरकार अर्थ मन्त्रालयद्वारा युवालाई लक्षित गरी नेपालको मौलिक पहिचान, कृषि, पशुपालन, पर्यटन, वन, जडीबुटी, खनिज, जलश्रोत तथा विज्ञान र प्रविधि क्षेत्रमा गरिने उद्यमहरूमा परियोजना धितो राखी सरकारको तर्फबाट ब्याज अनुदान सम्बन्धी सहुलियतपूर्ण कर्जा योजना जारी भए बमोजिम यसको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्घोषका साथ सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि २०७५ ल्याइएको छ । राष्ट्रिय युवा परिषद्को अथक प्रयास र युवाका माग बमोजिम यसमा भएका अव्यवहारिक पक्षहरूमा आवश्यक परिमार्जन भई (दोश्रो संशोधन), २०७६ समेत भएको छ ।यसको कार्यान्वयनमा सहजीकरणका लागि राष्ट्रिय युवा परिषद् र राष्ट्रिय वाणिज्य बैङ्क, एनएमबि बैङ्क, कृषि विकास बैङ्क र नेपाल बैङ्क लिमिटेड बिचको सहकार्यमा युवा उद्यमशीलता प्रवर्द्धन गर्न र युवालाई सहुलियतपूर्ण कर्जा प्रदान गर्न २०७६ साल मङ्सीर ११ गते समझदारी समेत सम्पन्न भइसकेको छ र परिषद्द्वारा सञ्चालित सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा वित्तीय साक्षरता ७ कार्यदिने तालिम लिई प्रमाणपत्र प्राप्त गर्ने ६६० जना युवाहरूको विवरण उक्त बैङ्कहरू, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्कमा पठाइसकिएको छ । परिषद्को निरन्तर प्रयासको बाबजुद हालसम्म सहुलियतपूर्ण कर्जा प्राप्त गर्ने युवाको विवरण (२०७७ बैशाख मसान्तसम्म) देहायबमोजिम रहेको छ ।

१. व्यवसायिक कृषि तथा पशुपक्षी कर्जा (विनाधितो) - ४३५२ जना
   (व्यावसायिक कृषि तथा पशुपक्षी कर्जा (धितो राखेर) - १८९१४ जना
२. शिक्षित युवा स्वरोजगार कर्जा - ६१ जना
३. विदेशबाट फर्किएका युवा परियोजना कर्जा - १९२ जना
४. महिला उद्यमशील कर्जा - ४५९४ जना

५. दलित समुदाय व्यवसाय विकास कर्जा - २४२ जना
६. उच्च तथा प्राविधिक शिक्षा कर्जा - ८० जना
७. भूकम्प पीडित निजी आवास निर्माण कर्जा - २१२ जना
८. कपडा उद्योग स्थापनाका लागि कर्जा - ४० जना
९. CTEVT बाट मान्यताप्राप्त तालिमका लागि कर्जा - ०

जम्मा कर्जा लिनेको संख्या - २८६८७ जना
कुल स्वीकृत भएको ियबल - ७ अर्ब १९ करोड
कुल वितरित ियबल - ६ अर्ब १ करोड २९ लाख ७१ हजार
कुल वितरित अनुदान रकम (ब्याज र बिमा) - ९४ करोड

स्रोतः नेपाल राष्ट्र बैङ्क

**सहिलयतपूर्ण कर्जाको प्रावधान, योग्यता एवम् सर्त सम्बन्धी व्यवस्था**

सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको विधिवत रूपमा भरिएको कर्जा आवेदन फाराम, प्रचलित कानुन बमोजिम आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको स्थायी दर्ता नं. (एब्ल) प्रमाणपत्रको प्रतिलिपि, फर्म दर्ता प्रमाणपत्र (एक करोडसम्मको हकमा फर्मरकम्पनी, एक करोड भन्दा बढीको हकमा प्रा.लि. अनिवार्य), उद्यम सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव, कर्जा सूचना केन्द्रको कालोसूचिमा नपरेको स्वघोषणा, समूहको हकमा सामूहिक जमानी सम्बन्धी कागजात हुनुपर्नेछ ।

**१. व्यावसायिक कृषि तथा पशुपक्षी कर्जा पाँच करोड रुपैयाँसम्म**

- १८ बर्ष पुरा भएको
- दश लाख भन्दा कमको सामूहिक जमानी कर्जाको हकमा कर्जा जमानी सम्बन्धी कागजात
- दश लाख भन्दा बढीको कर्जाको हकमा अनिवार्य रूपमा संस्था र एक करोड भन्दा बढीको हकमा अनिवार्य रूपमा कम्पनी हुनुपर्ने
- संस्था वा कम्पनीको हकमा नेपाली नागरिकको शतप्रतिशत शेयर स्वामित्व
- उद्यम सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव

**२. शिक्षित युवा स्वरोजगार कर्जा सात लाख रुपैयाँसम्म**

- कम्तिमा स्नातक तह उत्तीर्ण भएको र ४० वर्ष ननाघेको
- विदेशी विश्वविद्यालयमा अध्ययन गरेका युवाहरूको हकमा भने उक्त विश्वविद्यालय नेपालको कुनै विश्वविद्यालयबाट समकक्षता सूचिमा समावेश भएको
- उद्यम सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव

### ३. वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा दश लाख रुपैयाँसम्म

- कुनै पनि देशमा कम्तीमा ६ महिना काम गरी स्वदेश फर्केको
- कुनै पनि देशको एच, न्चभभल ऋबचम ज्यमिभच नलिएको
- उद्यम सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव

### ४. महिला उद्यमशीलता कर्जा पन्द्र लाख रुपैयाँसम्म

- १८ वर्ष उमेर पूरा भएका महिला (समूहको हकमा फरक परिवारको)
- उद्यम सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव
- समूहको हकमा सामूहिक जमानी सम्बन्धी कागजात

### ५. दलित समुदाय व्यवसाय कर्जा दश लाख रुपैयाँसम्म

- दलित जातजातिभित्रको १८ वर्ष पुरा भएको (समूहको हकमा फरक परिवारका पाँच जना)
- उद्यम सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव
- समूहको हकमा सामूहिक जमानी सम्बन्धी कागजात

### ६. उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा पाँच लाख रुपैयाँसम्म

- माध्यमिक शिक्षा वा सो सरह उत्तिर्ण गरी २५ वर्ष उमेर ननाघेको
- आर्थिक रुपमा बिपन्न, सीमान्तकृत समुदाय वा लक्षित वर्गको विद्यार्थी
- स्वदेशको कुनै कलेज वा विश्वविद्यालयमा अध्ययन गरिरहेको वा गर्ने

### ७. भूकम्प पीडितहरूको निजी आवाश निर्माण कर्जा पाँच लाख रुपैयाँसम्म

- नेपाल सरकारले निजी आवास अनुदान दिए बाहेक अरु संस्थागत अनुदान नपाएको
- आर्थिक अभावका कारण हालसम्म आवास निर्माण गर्न नसकेका भूकम्प पीडित
- ऋणी वा निजको परिवारको नाममा कुनै पनि स्थानमा बस्न योग्य घर नभएको

### ८. कपडा उद्योगलाई दिइने कर्जा रु ५ करोड

- ब्याज अनुदान लिन चाहने कपडा उद्योगले आफ्नो पछिल्लो ऋणको सम्पूर्ण विवरण सम्बन्धित बैङ्कबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ ।
- कपडा उद्योगले यस अघि लिएका ऋणका हकमा मिति २०७५र०४र०१ गते कायम रहेको वा सो मिति पश्चात लिएको ऋण रकममा मिति २०७५र०८र२४ गते देखि ५ प्रतिशत विन्दुका दरले ब्याज अनुदान प्रदान गरिनेछ ।
- उद्योगको आवश्यकता हेरी बढीमा रू.५ करोडसम्मको ऋणमा मात्र यस्तो अनुदान उपलब्ध गराइनेछ ।

- उद्योगको स्वामित्व नेपाली नागरिकमा रहेको हुनु पर्नेछ ।
- उद्योग मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्नेछ ।
- अघिल्लो आर्थिक वर्षको आय विवरणरकर चुक्ता प्रमाणपत्र पेश गरेको हुनु पर्नेछ ।

## ९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट लिने तालिम कर्जा रु २ लाख

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थामा भर्ना भएको कागजात
- तालिम लिन चाहेको विषय खुल्ने कागजातरनिवेदन
- नेपाली नागरिक हुनुपर्ने

सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि २०७५ (दोस्रो संशोधन २०७६) का मुख्य मुख्य बुँदाहरु यस प्रकार छन् ।

(१) रू १० लाखसम्मको कर्जा सामूहिक जमानीमा पाइने व्यवस्था भएकोमा यसमा सरलीकृत बनाउँदै एकाघरको व्यक्तिगत जमानीमा पनि पाउने व्यवस्था गरिएको ।

(२) वैदेशिक रोजगारीबाट फर्केका युवाले कर्जा यस अघि व्यक्तिगत रुपमा रू १० लाखका दरले मात्र पाउने व्यवस्था भएकोमा हाल सामूहिकरुपमा समेत पाउने प्रावधान राखिएको । जस्तै १० जना मिलेर कर्जा माग गरेमा रू ५० लाखसम्म पाउने ढोका खुलेको छ ।

(३) यस अघि विभिन्न ७ प्रकारका कर्जाको व्यवस्था भएकोमा अब २ वटा थप गरी ९ वटा कर्जा पाउने प्रावधान राखिएको र अब कपडा उद्योगले रू ५ करोडसम्म र ऋत्भ्ख्ट बाट लिइने तालिमका लागि रू २ लाखसम्म कर्जा पाउने व्यवस्था थप गरिएको ।

(४) ऋणीले कर्जा भुक्तानी अवधिको सट्टा ब्याज अनुदान प्राप्त गर्ने अवधि भनी सम्बोधन गरी यसको अवधि सामान्यतया ५ वर्ष कायम गरिएको ।

(५) ब्याज अनुदान प्राप्त गर्ने अवधि निर्धारण गर्दा अपनाइने मापदण्डमा दुईवटा थप गरी व्यवसायको प्रकृति र प्रतिफलको अवधि पनि थप गरिएको ।

(६) ऋणीले तिर्नुपर्ने शुल्कहरुको व्याख्या गर्दै कर्जा सूचना शुल्करऋणीले बेहोर्नु पर्ने बिमा प्रिमियम र कर्जा सुरक्षण शुल्क भनी परिभाषित गरिएको । यी भन्दा अन्य कुनैपनि शुल्क तिर्नुनपर्ने व्यवस्था थप गरिएको ।

(७) धितो सम्बन्धी व्यवस्थामा सामूहिक जमानीको सट्टा एकाघरका परिवारको सदस्यको व्यक्तिगत जमानीमा रू १०

लाखसम्मको कर्जा सहज रूपमा पाउने व्यवस्था गरिएको ।

(८) विदेशबाट फर्केका युवालाई उनीहरूको ज्ञान अनुभव र रूचिका आधारमा कर्जा प्रवाह गर्ने सरल विधि बनाइएको ।

(९) भूकम्प पीडितले पाउने कर्जाको धितोमा सम्बन्धित व्यक्ति बाहेक एकाघरका अन्य सदस्यको नाममा रहेको जग्गा समेत राख्न सकिने

(१०) कपडा उद्योगका लागि दिइने कर्जामा धितो आवश्यक हुने व्यवस्था

(११) CTEVT बाट लिइने तालिमका लागि तथा उच्च र प्राविधिक शिक्षाका लागि एकाघरका सदस्यको व्यक्तिगत जमानिमा पनि कर्जा उपलब्ध हुने ।

(१२) शिक्षित युवा स्वरोजगार कर्जाका लागि सम्बन्धित विषयमा स्नातक गरेको युवालाई तालिम आवश्यक नपर्ने व्यवस्था गरिएको ।

# खण्ड २

## व्यावसायिक योजना निर्माण तथा कार्यान्वयन

# व्यावसायिक योजना निर्माण तथा कार्यान्वयन

## २.१ सहुलियतपूर्ण कर्जाका लागि आवश्यक पर्ने व्यावसायिक योजनाको अवधारणा र ढाँचा

**व्यावसायिक योजनाको अवधारणा**

कुनै पनि व्यवसाय स्थापना गरी सञ्चालन गर्नको लागि आवश्यक सम्पूर्ण पक्षहरु जस्तै बजार, उत्पादन, खर्च तथा वित्त सम्बन्धी सम्पूर्ण पक्षहरु को बारे गरिएको योजनालाइ नै व्यावसायिक योजना भनिन्छ । यो व्यवसायको ऐना हो ।

**उद्यमीको परिचय**

उद्यमीको रुपमा आफ्नो छोटो परिचय दिंदै आफ्नो छोटो परिचय लेख्ने . आफ्नो शीर्षक तथा अन‘भवलाई आप"ले गर्ने व्यवसायमा कसरी प्रभावकारी ढङ्गबाट प्रयोग गरिन्छ भन्ने पनि उल्लेख गर्ने .

१. **उत्पादन गर्ने वस्तु/सेवाः** के वस्तु वा सेवा उत्पादन गर्ने हो लेख्ने । यदि वस्तु उत्पादन गर्ने हो भने त्यसको साइज, रङ, आकार, तौल, विशेषता आदि र के कति प्रकारका वस्तु उत्पादन गर्ने हो सो को विवरण दिनुपर्नेछ । यदि सेवा भए त्यसको प्रकृति तथा विशेषता उल्लेख गर्ने आफूले उत्पादन गर्ने भनेको वस्तु/सेवाको हाल बजारमा भैरहेको प्रतिस्पर्धीको वस्तु/सेवा भन्दा के फरक छ वा कस्तो छ सो पनि खुलाउने ।

२. **व्यवसाय स्थापना गर्ने ठाउः** व्यवसाय स्थापना गर्दा ठाउँलाई पनि ध्यान दिनुपर्ने हुन्छ । यदि व्यवसाय खुद्रा व्यापार छ वा सेवामूलक छ भने मुख्य बजारको नजिकै स्थापना गर्नु उचित हुन्छ । यदि उत्पादनमूलक छ भने कच्चा पदार्थ पाईने ठाउँ नजिक, आवश्यक पूर्वाधार भएको ठाउँ छानेर स्थापना गर्नु उपयुक्त हुन्छ । व्यवसाय स्थापना गर्ने ठाउँ पनि उद्यमीले लिनुपर्ने महत्वपूर्ण निर्णयहरु मध्ये एक हो ।

३. **लक्षित बजार क्षेत्रः** आफूले उत्पादन गर्ने वस्तु/सेवाको प्रकृति, यातायात तथा वितरणको सुविधा, प्रतिस्पर्धा आदि कुरालाई बिचार गरेर आफूले भौतिकरुपमा कुन कुन बजार क्षेत्रमा आफ्नो वस्तु/सेवा बिक्री वितरण गर्ने भन्ने योजना गर्नुपर्दछ ।

४. **उत्पादन/बिक्री लक्ष्यः** आफूले बिक्री वितरण गर्ने योजना गरेको बजार क्षेत्रमा सो वस्तु/सेवाको उपभोग कति गरिरहेका छन्, प्रतिस्पर्धी कति छन् ? ठूला साना कस्ता छन् ? उनीहरूको वस्तु/सेवा र आफ्नो वस्तु ठ्याक्कै उस्तै छ कि फरक छ आदि कुराहरूको मनन् गरेर कति परिमाणमा वस्तु/सेवा उत्पादन/बिक्री गर्ने भन्ने निर्धारण गर्नुपर्दछ ।

५. **उत्पादन प्रक्रिया/विधिः** वस्तु वा सेवाको उत्पादन कसरी गरिन्छ वा कुन विधि/तरिकाबाट उत्पादन गर्ने भन्ने बारे उद्यमीलाई ज्ञान हुनुपर्दछ । व्यावसायिक योजनामा वस्तु/सेवा उत्पादन गर्ने मुख्य मुख्य क्रियाकलापको विवरण खुलाउनु पर्दछ । यसले गर्दा उत्पादनको हर चरणमा कस्तो दक्षता भएको कति कामदारको आवश्यकता पर्दछ भन्ने पनि थाहा हुन्छ ।

६. **आवश्यक स्थिर सम्पत्तिः** व्यवसाय सञ्चालन गर्नको लागि के कति घर जग्गा, मेसिन औजार, फर्निचर तथा सवारी साधन आवश्यक पर्दछ भन्ने कुराको बारेमा राम्रोसँग अन्दाज (इस्टिमेट) गर्नुपर्दछ । किनकि यदि चाहिने भन्दा बढी अनुमान गरियो भने :-

- बढी पुँजी लगानी पर्ने हुँदा अनावश्यकरूपमा बढी ब्याज तिरिराख्नु पर्ने हुन्छ । बढी ब्याज तथा ह्रासको कारणले वस्तु/सेवाको लागत बढ्न जान्छ ।
- चाहिने भन्दा बढी उत्पादन हुने हुँदा मौज्दात बढ्दै जान्छ । मौज्दात बढ्नुको अर्थ लागत बढ्नु हो ।
- व्यावसायिक योजना बढी खर्चिलो देखिएमा वित्तीय संस्थाहरूले लगानी नगर्न सक्छन् ।
- सम्भव भएसम्म सुरूमा कम मेसिन र सानो टहराबाट उद्योग स्थापना सुरू गर्नु राम्रो हुन्छ । घर जग्गा भाडामा लिन पनि सकिन्छ । मेसिन खरिद गर्दा त्यसको ठीक क्षमता थाहा पाउनुपर्दछ । कति घर/जग्गा/टहारो, मेसिन औजार तथा कुन क्षमता वा कति साईजको कतिवटा चाहिन्छ, तिनीहरूको मूल्य कति पर्छ, जडान खर्च कति लाग्छ भन्ने आदि कुराहरु उल्लेख गनुपर्दछ ।

७. **स्थिर सम्पत्तिमा ह्रासकट्टीः** घर/टहारो, मेसिन/औजार, फर्निचर आदि प्रयोग गर्दै जाँदा केही समय पछि प्रयोग गर्न नसकिने स्थितिमा पुग्दछ र त्यसको सट्टा अर्को ल्याउनुपर्ने हुन्छ । अर्को सामान ल्याउनको लागि व्यवसायले वर्षेनी केही रकम छुट्याएर राख्नुपर्दछ । यसैलाई ह्रासकट्टी भनिन्छ । यसरी रकम छुट्याउँदा के को आधारमा कति रकम राख्ने भन्ने प्रश्न आउन सक्दछ । सानो व्यवसायहरूले यसको लागि या त आफ्नो स्थिर सम्पत्तिको आयु कति छ त्यसको आधारमा सम्पत्तिको मूल्यलाई त्यसको आयुले भाग गरेर निकाल्न सकिन्छ या कर कार्यालयले

तोकेको दरअनुसार ह्रासकट्टी काट्न सकिन्छ ।

**८. कच्चा पदार्थ आवश्यकता र त्यसको लागतः**
आफूले लक्षित गरेको परिमाणमा वस्तु/सेवा उतपादन गर्न कति कच्चा पदार्थ चाहिन्छ पत्ता लगाउनु पर्दछ । कच्चा पदार्थ हिसाब गर्दा दैनिक/मासिक वा वार्षिकरूपमा कति एकाइ चाहिन्छ हिसाब गर्नुपर्दछ । परिमाण थाहा भएपछि प्रति एकाइ दर कति पर्छ बुझी जम्मा दैनिक/मासिक वा वार्षिक अनुमानित कच्चा पदार्थ लागत कति पर्दछ निकाल्न सकिन्छ । कच्चा पदार्थको बारेमा निर्णय लिँदा कच्चा पदार्थको स्रोतमा पनि उत्तिकै ध्यान दिनु आवश्यक पर्दछ । कच्चा पदार्थको स्रोतको बारेमा मुख्य तीन कुराहरूमा ध्यान पुऱ्याउनु पर्दछ । ती हुन् :

- कच्चा पदार्थको मूल्य,
- यातायात तथा ढुवानी खर्च कम गर्न उत्पादन स्थलको नजिक भएको र
- वर्षैभरि पाईन्छ, पाईदैन वा आपूर्ति कतिको भरपर्दो छ ।

**९. आवश्यक कामदार र लागतः**
उद्योग/व्यवसायमा काम गर्ने कामदार हरूलाई दुई भागमा विभाजन गर्न सकिन्छ; प्रत्यक्ष कामदार र अप्रत्यक्ष कामदार । व्यवस्थापक, लेखापाल, बिक्रेता आदि जस्ता उत्पादन कार्यसँग सोझै सम्बन्ध नभएका कामदारलाई अप्रत्यक्ष कामदार भनिन्छ भने उत्पादनसँग सीधा सम्बन्ध भएकालाई प्रत्यक्ष कामदार । त्यस्तै गरी प्रत्यक्ष कामदार पनि दक्ष, अर्धदक्ष र अदक्ष गरी तीन किसिमका हुन्छन् । व्यवसायिक योजनामा आफ्नो उद्योग व्यवसायलाई के कस्ता किसिमका, कतिजना कामदार आवश्यक पर्दछन् र उनीहरूलाई मासिक कति ज्याला/तलब दिनुपर्दछ । हिसाब गरी मासिक/वार्षिक कामदार खर्च कति लाग्छ निकाल्नुपर्दछ ।

**१०. अन्य शीर्षभार खर्चः** वस्तु/सेवा उत्पादन गर्दा लाग्ने कच्चा पदार्थ र कामदार बाहेकका खर्चहरु जस्तै घरभाडा, मर्मतसंभार, मसलन्द, यातायात, ढुवानी, पानी, बिजुली, टेलिफोन, चियाखाजा तथा अन्य भैपरी आउने खर्चहरूलाई अन्य शीर्षभार खर्च भनिन्छ । यस्ता खर्चहरूमा कुनै एउटा हदसम्म उत्पादनमा तल माथि हुँदा खर्चको रकममा खास तल माथि हुँदैन । तसर्थ यस्ता खर्चहरु सकेसम्म घटाउन सकियो भने वस्तु/सेवा उत्पादन गर्न लाग्ने लागत कम गर्न सकिन्छ ।

**११. प्रति एकाइ लागतः** कच्चा पदार्थ खर्च, कामदार खर्च र अन्य खर्च जोडेर लाग्ने रकमलाई उत्पादन परिमाण/सेवाका सङ्ख्याले भाग गरेर वस्तु/सेवाको प्रति एकाइ लागत निकाल्न सकिन्छ । खर्चहरूको हिसाब साधारणतया मासिकरूपमा गरिन्छ । यसरी प्रति एकाइ लागत निकाल्दा मासिक खर्च हिसाब

गरिएको भए मासिक उत्पादन परिणामले र वार्षिक खर्च हिसाब गरिएको भए वार्षिक उत्पादन परिमाणले भाग गर्नुपर्दछ । यस अवस्थामा ह्रासकट्टी र ब्याजलाई जोडिदैन । किनकि यस अवस्थामा हाल कति ऋण चाहिन्छ पत्ता लागेको छैन भने ह्रासकट्टी भनेको नगद खर्च होइन । तसर्थ यसलाई चालू पुँजीको हिसाब गर्दा राख्नुपर्दैन ।

एकभन्दा बढी वस्तुलाई उत्पादन गर्दाः व्यवहारमा माथि उल्लेख गरिएजस्तो तरिकाले लागत पत्ता लगाउन सकिन्न । केही साना उद्योगले मात्र बिक्रीका लागि एउटा मात्रै वस्तु उत्पादन गर्छन् । त्यसैले कुनै एक वस्तुको लागत निकाल्ने काममा जटिलता उत्पन्न हुन्न । तर एकभन्दा बढी वस्तु उत्पादन गरेको अवस्थामा कुनै एउटा एकाइमा लाग्ने कच्चा पदार्थ र अप्रत्यक्ष सामग्रीको लागत पत्ता लगाउन त सजिलो हुन्छ । तर कुनै एउटा निश्चित एकाइको श्रम परिमाण अथवा उपरी लागत (अन्य खर्च) बाँडफाँड गर्नुपर्दा समस्या उत्पन्न हुन्छ ।

१२. **आवश्यक कुल पुँजीः** कूल पुँजीको आवश्यकतालाई तीन भागमा विभाजन गर्न सकिन्छ – स्थिर पुँजी, उत्पादन अघिको खर्च र चालू पुँजी । अर्को शब्दमा यी तीन किसिमको पुँजीको जोडलाई नै कुल पुँजी भनिन्छ ।

- **स्थिर पुँजीः** घर, कारखाना, मेसिन, औजार, फर्निचर आदि स्थिर सम्पत्ति खरिद गर्न आवश्यक लगानी वा रकमलाई स्थिर पुँजी भनिन्छ ।
- **उत्पादन अघिको खर्चः** उत्पादन सुरू गर्नु अघि लाग्ने विविध खर्चहरु जस्तै – तालिम खर्च, बजार अनुसन्धान खर्च, दर्ता खर्च, नमुना उत्पादन खर्च आदिलाई उत्पादन अघिको खर्च भनिन्छ ।
- **चालू पुँजीः** व्यवसायलाई सुचारूरुपले सञ्चालन गर्न हर समय आवश्यक पर्ने नगद वा अन्य वस्तुगत पुँजीलाई चालु पुँजी भनिन्छ । यो पुँजीको अभावमा व्यवसाय सञ्चालन गर्न सम्भव नहुने भएकोले यसलाई सञ्चालन पुँजी पनि भनिन्छ ।

१३. **पुँजीको स्रोतः** कुल पुँजी कति आवश्यक पर्छ भनी हिसाब निकाले पछि उक्त पुँजी कसरी जुटाउने भन्ने सोच्नुपर्ने हुन्छ । अर्थात आवश्यक कुल पुँजी आफैले मात्र लगानी गर्ने हो वा बैङ्क, साथीभाइ, नातेदार मध्ये कसैबाट ऋण लिने हो, लिने भए कति जति लिने हो, निर्णय लिनु पर्दछ । यदि ऋण लिने भए के धितो राख्ने र कति ब्याज लाग्छ भन्ने पनि निश्चत गर्नुपर्दछ ।

१४ **बिक्री मूल्य निर्धारणः** बिक्री मूल्य निर्धारण गर्नुअघि वस्तु सेवाको अन्तिम लागत निकाल्नुपर्दछ । प्रति एकाइ उत्पादन लागतमा प्रति एकाइ ब्याज र ह्रास जोडेपछि अन्तिम लागत निस्कन्छ । वार्षिक ब्याज र ह्रासलाई वार्षिक उत्पादन परिमाणले भाग गरेपछि प्रति एकाइ ब्याज

र ह्रास निस्कन्छ । अन्तिम लागत हिसाब गरिसकेपछि बिक्री मूल्य निकाल्ने साधारणतया निम्नअनुसारका तीन तरिकाहरु छन् :

- **लागतमा थप तरिकाः** वस्तु/सेवा उत्पादन गर्न लागेको अन्तिम वा कुल लागतमा केही प्रतिशत नाफा थप गरेर बिक्री मूल्य निर्धारण गरिन्छ ।
- **तुलनात्मक तरिकाः** आफूले उत्पादन गर्ने जस्तै किसिमको बजारमा पाईने वस्तु/सेवाको मूल्य गुणस्तरसँग आफ्नो वस्तुको तुलना गरी मूल्य निर्धारण गरिन्छ ।
- **बजार ग्राहकको क्षमता अनुसारः** यो तरिका प्रस्तावित वस्तु/सेवाको बजारमा हुने माग र आपूर्तिमा आधारित हुन्छ । बजारको मागअनुसार बजारले कति तिर्न सक्छ सोही आधारमा मूल्य निर्धारण गरिन्छ ।

**१५. पहिलो वर्षको नाफा नोक्सान हिसाबः** सबभन्दा पहिले वस्तु/सेवाको बिक्रीबाट वार्षिक आम्दानी कति हुन्छ हिसाब निकाल्नु पर्दछ । वार्षिक बिक्री लक्ष्यलाई प्रति एकाइ बिक्री मूल्यले गुणन गरी बिक्रीबाट हुने वार्षिक आम्दानी निकाल्न सकिन्छ । यसरी निस्केको आम्दानीबाट सबै वार्षिक खर्चहरु - कच्चा पदार्थ, कामदार, अन्य खर्च, ब्याज र ह्रासकट्टी घटाई के कति नाफा या नोक्सान भयो थाहा पाउन सकिन्छ । यदि नाफा आएको छ भने यस्तो नाफालाई कर तिर्नुअघिको खुद नाफा भनिन्छ ।

**१६. लगानीमा प्रतिफलः** प्रस्तावित उद्योग/व्यवसाय गर्नु ठीक छ छैन भन्ने निर्णय लिनुअघि आफूले गरेको लगानीअनुसार फाइदा हुन्छ हुँदैन वा कतिको फाइदा हुन्छ हेर्नु उचित हुन्छ । यदि लगानी (कूल पुँजी) को अनुपातमा नाफाको प्रतिशत धेरै कम छ भने त्यस्तो व्यवसायमा लगानी गर्नु त्यति फाइदाजनक हुँदैन ।

$$\text{लगानीमा प्रतिफल} = \frac{\text{वार्षिक नाफा}}{\text{कुल पूँजी}} \times १०० \text{ हुन्छ ।}$$

**१७. पारविन्दुः** पारविन्दु भनेको उत्पादनको त्यो स्तर हो जहाँ न नाफा हुन्छ न त घाटा नै । अर्थात यसभन्दा बढी उत्पादन गर्‍यो भने नाफा कमाइन्छ भने, यसभन्दा कम उत्पादन गरेको खण्डमा घाटा हुन्छ । यो विन्दु निर्धारण गर्न तीवटा बुँदा आवश्यक हुन्छन् । यी तीनवटा बुँदा निम्न बमोजिम छन् :

**बिक्रीः** नाफा नोक्सान खातामा उल्लेख भए बमोजिमको वार्षिक बिक्री हेर्नुहोस्

**अस्थिर लागतः** चल खर्च उत्पादन स्तर सँगसँगै बढ्ने र घट्ने हुन्छ । यस भित्र सामान्यतया कच्चा पदार्थमा लागेको लागत र प्रत्यक्ष श्रम लागत पर्दछ ।

**स्थिर लागत :** स्थिर लागत उत्पादन एकाई सञ्चालन गर्न लाग्ने खर्च हो । तर उत्पादन स्तरसँग यसको कुनै किसिमको प्रत्यक्ष सम्बन्ध हुँदैन । यस अन्तरगत अन्य खर्च, ब्याज, अप्रत्यक्ष कामदार र ह्रास कट्टी पर्दछन् ।

पारविन्दू प्रतिशत = $\frac{\text{वार्षिक स्थिर लागत}}{\text{वार्षिक बिक्री-वार्षिक अस्थिर लागत}}$ X १००

**१८. निष्कर्ष:** वस्तु/सेवाको बजार, प्रविधि, कच्चा पदार्थ तथा कामदारको उपलब्धता, वित्तीय विश्लेषण आदिको आधारमा प्रस्तावित व्यवसाय गर्नु संभाव्य छ छैन, सुरू गर्ने हो होइन निर्णय गर्नुपर्दछ ।

## २.२ सहुलियतपूर्ण कर्जाका लागि आवश्यक पर्ने व्यावसायिक योजनाको नमुना

| | |
|---|---|
| व्यवसायको नाम | लेटाङ कच्चा दाना उद्योग |
| व्यवसायीको नाम | करिश्मा श्रेष्ठ |
| ठेगाना | लेटाङ नगरपालिका-४, मोरङ |
| उत्पादन गरिने वस्तु वा सेवा | पशुपन्छिजन्य कच्चादाना |
| बजार क्षेत्र | लेटाङ नगर क्षेत्र |
| उत्पादन विक्री लक्ष्य | ७९,२००। किलो ग्राम |
| कूलपुँजी | २५,१९,५७४। |
| ऋण लगानी | १५,००,०००। |
| स्थिर पुँजी | ७,५०,०००। |
| चालु पुँजी | १७,६९,५७४। |
| जनशक्ति सङ्ख्या | २ |
| वार्षिक बिक्री | ७९२०० किलो |
| वार्षिक चलु खर्च | रू.८,३७,६२६। |
| वार्षिक खुद नाफा | रू.६,०५,६२६। |
| लगानीमा प्रतिफल | २०.४५% |
| पारविन्दु | २७.६३% |

### उद्यमीको परिचय

म लेटाङ नगरपालिका वडा नं. ४ निवासी करिस्मा श्रेष्ठ विगत ३ वर्षदेखि पशुपन्छीजन्य कच्चादाना उत्पादन गरी विक्री वितरण गर्दै आएकोछ । यस क्षेत्र भौगोलिक हिसाबले चारकोशे झाडीको शिरमा, महाभारत पर्वतको काखमा चारै तिर हरायली भएको ठाउँ रहेको छ । यस नगरको कुल जनसंख्याको ८० प्रतिशत कृषि तथा पशुपन्छी पालेर जीविकोपार्जन गर्दछन् । यहा कृषि, पशुपन्छीजन्य उत्पादनको क्षेत्रमा निकै अगाडी बढेका किसानहरु छन् । लेटाङ नगरपालिका र घरेलु तथा सानाउद्योग महासंघ लेटाङले गतवर्ष गरेको सर्वेक्षणको आधारमा व्यावसायिक रुपमा १४ जना दुग्धजन्य उद्यमी, २८३ जना मासुजन्य वस्तु उत्पादन गर्ने उद्यमीहरु रहेका छन् । व्यावसायिक विना घरायसी परम्परागत रुपमा पशुपन्छी पाली आर्थिक उपार्जन गर्नेको संख्या अधिक रुपमा छ । आज सबै किसानकोमा पोषणयुक्त दाना नरहेको हुँदा दिन प्रतिदिन कच्चा दानाको माग बढी रहेकोछ जसलाई थोरै मात्रामा भएपनि लेटाङ कच्चा दाना उद्योगले परिपूर्ति गर्ने जमर्को गरेको छ ।

### वस्तु/सेवाको विवरण

हाल यस क्षेत्रका किसानहरु लाई उद्योगले कच्चा दानाको रुपमा धानको ब्राण्डभुस, मकैको पिठो, तोरिको पिना तथा मिश्रित कच्चा दाना किसानहरु लाई लेटाङ नगरपालिका वडा नं. ४ स्थित लेटाङ कच्चा दानाउद्योगले उपलब्ध गराई रहेको छ ।

**व्यवसाय स्थापना हुने स्थान**

यो उद्योग लेटाङ नगरपालिका वडा नं. ४ सिद्धार्थलाईनमा रहेको छ ।

**बजार क्षेत्र**

यस लेटाङ कच्चा दाना उद्योगको बजार क्षेत्रको रूपमा लेटाङ नगरपालिका, केराबारी गाँउपालिकाको पूर्वी तथा उत्तरपूर्वी क्षेत्र र मिक्लाजुङ गाउँपालिकाको पश्चिम भेग रहेको छ र यही क्षेत्रका दुग्धजन्य र मासुजन्य वस्तु उत्पादन गर्ने किसान र परम्परागत ढङ्गबाट पशुपक्षी पाल्ने किसानहरू रहेकाछन् । उद्योगको उत्पादन/बिक्री लक्ष्य ८० टन प्रतिवर्ष रहेको छ भने प्रत्येक वर्ष यसलाई वृद्धि गरिदै लगिने छ ।

**लक्षित ग्राहक**

लेटाङ नगर भित्र जम्मा घरेलु तथा साना उद्योग महासंघले गतवर्ष गरेको सर्वेक्षणको आधारमा २९७ जना व्यावसायिक रूपमा दुघजन्य र मासुजन्य वस्तु उत्पादन गर्ने कृषकहरू रहेका छन् भने परम्परागत ढंगबाट पशुपन्छी पाल्नेको संख्या करिब २००० भन्दा बढी रहेको छ । यसलाई तुलनात्मक हिसाबले हेर्ने हो भने लेटाङ बाहिरबाट यस क्षेत्रमा पोषणयुक्त दाना र चोकर, बाण्ड प्रतिहप्ता कम्तिमा १० टनको दरले आउने गरेको छ भने यस्ता दानाको प्रयोग गर्ने कृषक मात्र १०% रहेका छन् । जसमध्ये ९०% कच्चा दाना प्रयोग गर्ने किसान छन् । ३०% किसान आफ्नै उत्पादनको प्रयोग गर्छन् । ४०% अन्य व्यवसायीबाट खरिद गर्छन् भने २०% किसान यस उद्योगको लक्षित ग्राहक हुन् ।

**उत्पादन/बिक्रीलक्ष्य**

| | साप्ताहिक | मासिक | अर्धवार्षिक | वार्षिक | कैफियत |
|---|---|---|---|---|---|
| धानको व्राण्डभुस | ४०० किलो | १६०० किलो | ९६०० किलो | १९२०० किलो | |
| मकैको पिठो | ६०० किलो | २४०० किलो | १४४०० किलो | २८८०० किलो | |
| तोरीको पिना | ५० किलो | २०० किलो | १२०० किलो | २४०० किलो | |
| मिश्रित कच्चा दाना | ६०० किलो | २४०० किलो | १४४०० किलो | २८८०० किलो | |
| जम्मा किलो | १६५० किलो | ६६०० किलो | ३९६०० किलो | ७९२०० किलो | |

# उत्पादन योजना

## उत्पादन प्रक्रिया र विधि

उत्पादन प्रक्रिया (प्राविधिक पक्ष)

यस उद्योगबाट उत्पादित कच्चा दाना कृषिजन्य बस्तुलाई प्रशोधन तथा मिक्स गरी चक्की मेशिनको सहायताले पिसेर तयार गरिन्छ ।

### आवश्यक स्थिर सम्पत्तिको विवरण र त्यसको ह्रासकट्टी

| क.सं. | विवरण | परिमाण | दर रु | जम्मा रु | जम्माखप्ने वर्ष | वार्षिक ह्रासकट्‌टी |
|---|---|---|---|---|---|---|
| १ | चक्की मेशिन सेट | १ | १०००००।- | ५००००।- | २० | २५००।- |
| २ | होल्लर मेशिन सेट | १ | १०००००।- | १०००००।- | २० | ५०००।- |
| ३ | मिक्सचर | १ | १०००००।- | १०००००।- | २० | ५०००।- |
| ४. | भ्वन | २ | २०००००।- | ४०००००। | २० | २००००।- |
| ५. | बेलिबेटर | २ | ५००००।- | १००००० ।- | ५ | २००००।- |
| **जम्मा** | | | | **७,५०,०००।-** | | **५२५००।-** |

## खर्च योजना

### आवश्यक कच्चा पदार्थ र त्यसको लागत

| क्र स | विवरण | एकाइ | परिणाम | दर | रकम |
|---|---|---|---|---|---|
| १ | धानको ब्राण्डभुस | किलो | ९२०० | १४ | १,२८,९५४।- |
| २ | मकै | किलो | ४३२०० | २५ | १०,८०,०००।- |
| ३ | तोरीको पिना | किलो | ४००० | २८ | १,१२,०००।- |
| ४ | धान | किलो | ६००० | २५ | १,५०,०००।- |
| ५ | गहुँ | किलो | ९००० | २५ | २,२५,०००।- |
| ६ | वोनमिल | किलो | २९० | ९० | २६,१००।- |
| | बोरा | गोटा | ३१६८ | १५ | ४७,५२०।- |
| | **जम्मा कच्चा पदार्थ खर्च** | | | | **१७,६९,५७४।-** |

**आवश्यक जनशक्ति र त्यसको लागत**

| **विवरण** | **जना** | **तलव वा ज्याला** | |
|---|---|---|---|
| प्रत्यक्ष जनशक्ति | २ | १५,०००। | ३,६०,०००। |
| **जम्मा जनशक्ति खर्च** | | | **३,६०,०००।** |

**अन्य शीर्षभार खर्च**

| **क स** | **विवरण** | **रकम** |
|---|---|---|
| १ | विद्युत | ६०,०००।- |
| २ | मसलन्द | २,०००।- |
| ३ | जातो/जाली | २०,०००।- |
| | **जम्मा** | **८२,०००।-** |

**प्रति एकाइ उत्पादन लागत अनुसूची अनुसार रहेको छ।**

**<u>वित्तीय योजना</u>**

**आवश्यक कुल जम्मा पुँजी**

| **क्र.सं.** | **विवरण** | **जम्मा रु** | **कुलजम्मा रु** |
|---|---|---|---|
| (१) | स्थिर पुँजी | | ७,५०,०००।- |
| (२) | चालु पुँजीको हिसाब | १७,६९,५७४।- | |
| | क. कच्चा पदार्थ ..... अवधिको लागि मौज्दात | ३,६०,०००।- | |
| | ख) जनशक्ति | ८२,०००।- | |
| | ग) शीर्षभार | | |
| | **जम्मा आवश्यक कुल पुँजी** | | **२९,६१,५७४।-** |

**पुँजीको स्रोत**

| **विवरण** | **रकम** | **लगानी प्रतिशत** | **ब्याजदर** |
|---|---|---|---|
| स्वलगानी | १४,६१,५७४।- | ४९.३५ | – |
| बैङ्क वा लघुवित्तबाट ऋण | १५,००,०००।- | ५०.६५ | ६.५% |
| **जम्मालगानी (रु)** | **२९,६१,५७४।-** | **१००** | |

**बिक्री मूल्य निर्धारण**

अनुसूची अनुसार रहेको छ ।

**पहिलो वर्षको नाफा नोक्सानको हिसाब**

| क स | विवरण | | कुल जम्मा |
|---|---|---|---|
| क) | वस्तु तथा सेवा विक्रीबाट आम्दानी (वार्षिक) | | रू.२९,६९,२००।- |
| ख) | घटाउने : प्रत्यक्ष वा चलखर्चहरु (वार्षिक) | | |
| | कच्चा पदार्थ | रू.१७,६९,५७४।- | |
| | प्रत्यक्ष जनशक्ति खर्च | रू.३,६०,०००।- | |
| | प्रत्यक्ष वा चलखर्च जम्मा | | रू.२१,२९,५७४।- |
| ग) | कुल (सालाखाला) नाफा | | रू.८,३७,६२६।- |
| घ) | घटाउने : अप्रत्यक्ष वा स्थिर खर्च | | |
| | अन्य शीर्षभार खर्च | रू.८२,०००।- | |
| | ह्रास खर्च | रू.५२,५००।- | |
| | ब्याज खर्च | रू.९७,५००।- | |
| | जम्मा अप्रत्यक्ष वा स्थिर खर्च | | रू.२,३२,०००।- |
| ड.) | कर तिर्नु अधिको खुद नाफा | | रू.६,०५,६२६।- |

**लगानीमा प्रतिफल**

$$\text{लगानीमा प्रतिफल} = \frac{\text{रू.६,०५,६२६}}{\text{रू.२९,६१,५७४}} \times \text{१००\%}$$

$$= \textbf{२०.४५ \%}$$

**निष्कर्षः** तसर्थ यस व्यवसायमा विगत वर्षदेखीनै काम गर्दै आएको र लगानी अभावको कारण मुनाफा हुँदाहुँदै पनि व्यवसाय वृद्धि गर्न नसकेको हुँदा नेपाल सरकारको कार्यक्रम अनुसारको सहुलियत दरको कर्जा प्राप्त गरेको खण्डमा व्यवसायलाई विस्तार गरी आर्थिक उपार्जन र रोजगारीको श्रृजना गरी समृद्ध नेपाल, सुखी नेपालीको नारालाई सार्थक बनाउन सकिने भएको हुदा व्यावसायिक वित्तीय योजना सहित सहुलियतपूर्ण कर्जाको लागि निवेदन गर्दछु ।

**पारविन्दु प्रतिशत**

$$\text{पारविन्दु} = \frac{\text{वार्षिक स्थिर}}{\text{(कूल विक्रिवाट आम्दानी- चल खर्च) वा कुल नाफा}} \times \text{१०० \%}$$

$$= \frac{\text{रू.२,३२,०००।}}{\text{रू२९,६९,२०० - रू.२१,२९,५७४}} \times \text{१०० \%}$$

$$= \frac{\text{रू.२,३२,०००।}}{\text{रू८,३९,६२६}} \times \text{१०० \%}$$

$$= \text{२७६३ \%}$$

# अनुसूची

| उत्पादन गरिने वस्तु | धानको ब्राण्ड भुस | मकैको पिठो | तोरिको पिना | मिश्रित कच्चा दाना | जम्मा |
|---|---|---|---|---|---|
| बिक्री लक्ष किलो | १९२०० | २८८०० | २४०० | २८८०० | ७९२०० |
| गतवर्ष अनुमानित मूल्य | १६ | ४० | ३५ | ४० | |
| गतवर्ष अनुमानित आम्दानी | ३,०७,२००। | ११,५२,०००। | ८४,०००। | ११,५२,०००। | २६,९५,२००। |
| खर्च प्रतिशत | ११.४% | ४२.७% | ३.२% | ४२.७% | १००% |
| कच्चा पदार्थ खर्च | २,०१,७३१। | ७,५५,६०८। | ५६,६२१। | ७,५५,६०८। | १७,६९,५७४ |
| जनशक्ति | ४१,०४०। | १,५३,७२०। | ११,५२०। | १,५३,७२०। | ३,६०,०००। |
| अन्य शीर्षभार खर्च | ९,३४८। | ३५,०१४। | २,६२४। | ३५,०१४। | ८२,०००। |
| जम्मा उत्पादन लागत | २,५२,११९। | ९,४४,३४२। | ७०,७६५। | ९,४४,३४२। | २२,११,५६८। |
| प्रतिकिलो लागत | १३।१३ | ३२.७९ | २९.४९ | ३२.७९ | |
| वार्षिक ब्याज | ११,११५। | ४१,६३२.५ | ३,१२०। | ४१,६३२.५ | ९७,५००। |
| वार्षिक ह्रासकट्टी | ५,९८५। | २२,४१७.५ | १,६८०। | २२,४१७.५ | ५२५००। |
| वार्षिक ब्याज र ह्रासकट्टी | १७,१००। | ६४,०५०। | ४,८००। | ६४,०५०। | १५०,०००। |
| प्रतिकिलो ब्याज र ह्रासकट्टी रू. | ०.८९ | २.२२ | २ | २.२२ | १००% |
| प्रति इकाइ अन्तिम लागत | १४.०२ | ३५.०१ | ३१.४९ | ३५.०१ | |
| प्रतिकिलो नाफा | १.९८ | ४.९९ | ३.५१ | ४.९९ | |
| विक्रीमुल्य | १८ | ४३ | ३७ | ४५ | |
| वार्षिक कुल बिक्रिबाट आम्दानी | ३,४५,६००। | १२,३८,४००। | ८८,८००। | १२,९६,०००। | २९,६९,२००। |

## २.३ सहुलियत कर्जा प्रवाहको लागि बैङ्कलाई चाहिने विवरण तथा कागजातहरू

१. रू१० लाखसम्मको लागि साधारण र रू.१० लाख भन्दा बढीका लागि विस्तृत परियोजना प्रस्ताव हुनुपर्ने

२. परियोजनाको बिमा गराउनु पर्नेको हकमा बिमाको पोलिशी बैङ्कमा पेश गरे पछि मात्र कर्जा भुक्तानी हुनेछ ।

३. कर्जाको भुक्तानि अवधि बढीमा ५ वर्षको हुनेछ ।

४. कर्जा व्यवसायको प्रकृति र प्रतिफलको आधारमा किस्ताबन्दीमा दिइनेछ तर कुनै पनि कर्जा दोहोरो पर्ने गरी दिइनेछैन ।

५. ब्याजदरः बैङ्कको ब्याजदर ५५ भन्दा बढी हुनेछैन ।

६. कर्जा आवेदनमा संलग्न हुनु पर्ने कागजातहरु निवेदकको कर्जा मागको आधारमा हुनेछ ।

७. निबेदकले भर्नुपर्ने विवरण फारम र परियोजना प्रस्ताव ढाँचा बैङ्कले उपलब्ध गराउनेछ ।

८. फर्म दर्ता प्रमाणपत्र (एक करोड सम्मको हकमा फर्मरकम्पनी, एक करोड भन्दा बढीको हकमा प्रा.लि. अनिवार्य) पेश गर्नुपर्ने छ ।

९. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको स्थायी दर्ता नं. (PAN) प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।

१०. ऋणी र जमानत दाताको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।

११. एकासगोल परिवारका सदस्यहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिपेश गर्नुपर्ने छ ।

१२. ऋणीले बैङ्कमा अनिवार्य रूपमा खाता खोल्नुपर्ने छ ।

१३. कम्पनीको पुँजी धेरै भएको भन्दा पुँजी कम भएर ऋण माग्ने अवस्था हुनुपर्ने छ जस्तैः अधिकृत पुँजी १ करोडको कम्पनी दर्ता भएको तर १० ओटा गाईपालनको लागि ऋण माग गरेको अवस्था हुन नहुने ।

१४. अन्य वित्तीय सस्थाहरूमा ऋण लिएर किस्ता तिर्न बाँकी नभएको र आफ्नो सिप अनुभव र दक्षता भएको हुनुपर्ने ।

१५. कामको सुरूवात गरिसकेको कम्तीमा ३० प्रतिशत लगानी भइसकेको अवस्था हुनुपर्ने

१६. कपडा उद्योग कर्जामाब्याज अनुदान लिन चाहने कपडा उद्योगले आफ्नो पछिल्लो ऋणको सम्पूर्ण विवरण सम्बन्धित बैङ्कबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

१७. कपडा उद्योगले यस अघि लिएका ऋणका हकमा मिति २०७५र०४र०१ गते कायम रहेको वा सो मिति पश्चात् लिएको ऋण रकममा मिति २०७५र०८र२४ गते देखि ५ प्रतिशत विन्दुका दरले ब्याज अनुदान प्रदान गरिनेछ ।

१८. यस्तो ब्याज अनुदान दिँदा व्यवसायको सञ्चालन अवस्था, रूग्ण भए पुनः सञ्चालनमा आउन सक्ने अवस्था र व्यावसायिक योजना समेतका आधारमा कर्जा दिने बैङ्कबाट सम्भाव्यताको सिफारिस गराउनु पर्नेछ ।

१९. नयाँ ऋणको हकमा उद्योगको आवश्यकता हेरी बढीमा रू.५ करोडसम्मको ऋणमा मात्र यस्तो अनुदान उपलब्ध गराइनेछ । तर यस्तो ऋण रकम उद्योग सञ्चालन कार्यको लागि नै उपयोग गर्नु पर्नेछ । यसरी उपयोग गरेको नपाइएमा सरकारी बाँकी सरह असूल उपर गरिनेछ । त्यसरी असूल उपर गर्नु पर्ने साँवा रकममा १५ प्रतिशत ब्याज समेत असूल गरिनेछ ।

२०. यस्तो अनुदान प्राप्त गर्नका लागि उद्योगको स्वामित्व नेपाली नागरिकमा रहेको हुनु पर्नेछ ।

२१. यस्तो अनुदान प्राप्त गर्नको लागि उद्योग मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्नेछ । साथै उद्योगले ब्याज अनुदान दाबी गरेको अघिल्लो आर्थिक वर्षको आय विवरणरकर चुक्ता प्रमाणपत्र पेश गरेको हुनुपर्ने छ।

पुनश्चः कर्जाको प्रकृतिको आधारमा थप कागजात एवम् प्रक्रिया पुऱ्याउनु पर्नेछ ।

# निष्कर्ष

नेपाल सरकारले युवालाई स्वदेशमा नै उद्यमशील, स्वरोजगार र आत्मनिर्भर बनाई युवा पलायनलाई रोक्ने र समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षालाई पुरा गर्नका लागि विभिन्न प्रयासहरु गरेको छ । राष्ट्रिय युवा परिषद्ले नेपाली युवामा Think positive, be positive do positive को भावना विकास गराई उनीहरूलाई स्वदेशमा नै रोजगारीको संभावना र अवसर देखाउँदै नेपाल सरकारले जारी गरेका विभिन्न कार्यक्रमहरूमा जोडाउदै सोको प्रभावकारी कार्यान्वयनका लागि बहस पैरवी र सहजीकरणमा आफ्नो ध्यान केन्द्रित गरेको छ । युवा आफैँमा एउटा अन्तर विषयक क्षेत्र तथा मुद्दा (Cross cutting issue) भएकोले युवाका कार्यक्रमहरु जतातते छरिएर रहेको परिप्रेक्षमा यसको संयोजन र सहजीकरण (Catalyst) को भुमिकामा आफूलाई उभ्याएको छ । नेपाली युवाहरूमा सकारात्मक सोचको विकास गराउने, आफ्नो देश भित्रको सम्भावना देखाउने, आफ्नै देशको सम्भाव्यताको क्षेत्र भित्र रहेर युवाको आर्थिक समृद्धि र विकासको लक्ष्य राखी देशव्यापी रूपमा युवालाई उद्यमशीलताको मार्गदर्शन गराउन परामर्श तथा उद्यमशीलता विकास र वित्तीय साक्षरताको आधारभूत तालिम दिलाई युवालाई उद्यमका लागि सक्षम बनाउन राष्ट्रिय युवा परिषद्ले सरोकारवाला निकायहरूबिच आवश्यक समन्वय, सहकार्य र सम्झौता गर्दै आएको छ । समृद्ध राष्ट्र निर्माणका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा भन्ने मूल नारालाई सफल बनाउन शिक्षालाई सिप, सिपलाई श्रम, श्रमलाई उत्पादन, उत्पादनलाई बजार र बजारलाई समृद्धिसँग जोड्नुपर्छ । उद्यम परियोजनाका आधारमा सहुलियतपूर्ण कर्जा तथा सुरूवाती पुँजी प्रवाह गर्न गराउन नेपाल भित्रै युवाहरूले उद्यम प्रवर्द्धनको क्षेत्रमा लगनशीलता र धैर्यताका साथ काम गर्नुपर्छ । राज्य रूपान्तरण र देशमा परिवर्तन ल्याउन परिवर्तनका सूत्रधार युवाहरूले चाहेमा गर्न सक्छन् । त्यसका लागि युवाहरूले मस्तिष्कमा समझदारी, काँधमा जिम्मेवारी र मनमा इमान्दारीका साथ मन वचन र कर्मले कर्तव्यनिष्ठ भई काम गर्नुपर्छ भने राज्य सञ्चालकहरूले पनि बढी जिम्मेवार र उत्तरदायी भई देश र जनताप्रति समर्पण भावले काम गरेमा राज्यले लिएको लक्ष्य पुरा हुने देखिन्छ ।

**नेपाल सरकार**
युवा तथा खेलकुद मन्त्रालय
**राष्ट्रिय युवा परिषद्**
सानोठिमी, भक्तपुर, नेपाल
फोन नम्बर.: ०१६६३८१५२, ६६३५१३३
फ्याक्स: ०१६६३०१९३
इमेल: info@nyc.gov.np
नोटिसबोर्ड सेवा: १६१८०१६६३५८३५
Website: nyc.gov.np

**प्रकाशन सहयोगी संस्था**
www.vsointernational.org

Funded by